नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी, भक्तपुर, नेपाल

(..........................................शाखा)

प.सं.: ०८२/८३

च.नं.: ५४६

मिति:- २०८२।१२।०८

ने. सं. ११४६ चौल्लाथ्व ४, आइतवार

सूचना! सूचना!! सूचना!!!

विषय:- म्याद थप गरिएको सम्बन्धमा।

कोशी प्रदेशको विराटनगर र मधेश प्रदेशको बीरगञ्जमा आयोजना गरिने युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनी, २०८२

प्रस्तुत विषयमा मिति २०८२।११।२६ गतेको नयाँसडक राष्ट्रिय दैनिक पत्रिका र यस कार्यालयको Website तथा Facebook पेजमा समेत राखिएको सूचना बमोजिम कोशी प्रदेशको विराटनगरमा मिति २०८२।१२।२२ गते र मधेश प्रदेशको बीरगञ्जमा मिति २०८२।१२।३० गते आयोजना हुने युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय प्रदर्शनीको लागि १५ वटा व्यवसायहरू छनौट गर्नुपर्ने भएको हुनाले कोशी र मधेश प्रदेशभित्र युवाबाट उत्पादित सूचना प्रविधि तथा स्टार्टअप व्यवसाय दर्ता गरी सम्बन्धित प्रदेशमा व्यावसाय सञ्चालन गरेका १६ वर्ष पुरा गरी ४० वर्ष उमेर ननाघेका (आवेदन दिने अन्तिम दिन २०८२।१२।०७ गते राति १२:०० सम्म) युवा व्यवसयीहरूबाट आवेदन माग गरिएकोमा प्राविधिक कारणले गर्दा उक्त समयावधिमा पर्याप्त आवेदन नपरेको हुनाले **मिति २०८२।१२।११ गते बुधबार रातको १२:०० बजेसम्म म्याद थप गरिएको छ।** उक्त अवधिसम्म आवेदन गर्ने यस कार्यालयको **Website: https://www.nyc. gov.np/** मा उल्लिखित **Online form Portal system (http://form.nyc.gov.np/)** मा गई आवेदन पेश गर्नुहुन सूचित गरिन्छ। विस्तृत जानकारीका लागि मिति २०८२।११।२६ गतेको संलग्न सूचना र कोशी प्रदेशमा ९८५२०८२०६०, मधेश प्रदेशमा ९८४५०३९६५५ र केन्द्रमा ९८४५४७१८५२/ ९८६३४६५५५६ र फर्म भर्दा कुनै समस्या आएमा ९८४९३२५००९ मा सम्पर्क राख्नुहुन समेत अनुरोध छ।

नोट:- प्रदर्शनीका लागि छनौट हुने १५ वटा व्यवसायीहरूलाई स्टल व्यवस्थापन वापत प्रति स्टल रु.१० हजार र प्रदर्शनीमा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुने २ वटालाई क्रमशः ४० हजार, ३० हजार, २० हजार र १०/१० हजारका दरले प्रोत्साहन रकम उपलब्ध गराइनेछ।

उप-सचिव

वोधार्थ;-

श्री युवा तथा खेलकुद मन्त्रालय, सिंहदरवार, काठमाडौं, नेपाल।
श्री सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगर, नेपाल।
श्री उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश, विराटनगर, नेपाल।
श्री खेलकुद तथा समाज कल्याण मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम।
श्री कोशी प्रदेश भित्रका स्थानीय तहहरू - सबै।
श्री मधेश प्रदेश भित्रका स्थानीय तहहरू - सबै।
श्री उद्योग संगठन मोरङ, तिनपैनी, मोरङ।
श्री बीरगंज उद्योग वाणिज्य संघ, बीरगंज, पर्सा।
श्री सूचना प्रविधि शाखा, Website मा upload गरिदिनु हुन।

वेवसाईट :www.nyc.gov.np, इमेल : info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी अध्यक्ष), ☎: 6635133(प्रशासकीय प्रमुख), ☎: 6631276 (सहायता कक्ष)